वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक ३०२ | २०८२ चैत्र ११ गते बुधबार, नेपाल सम्वत् ११४६ March 25, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## क्षयरोग सम्बन्धी सचेतना

बिश्व क्षयरोग दिवसका अवसरमा प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँले मंगलबार म्याग्दे गाउँपालिका–३ स्थित इट्टा उद्योगमा कार्यरत श्रमिकहरूलाई लक्षित गरी क्षयरोग सम्बन्धी सचेतना र नि:शुल्क परीक्षण कार्यक्रम सञ्चालन गर्दै । कार्यालयले दिवसका अवसरमा देवघाट गाउँपालिका–३ दगरामा पनि जनचेतनामुलक कार्यक्रम तथा निशुल्क क्षयरोग परीक्षण कार्यात्रम सञ्चालन गरेको थियो ।

*तस्विर : भञ्ज्याङ*

# संविधानसभापछि सिंहदरबार फर्कंदै संसद्

**भीष्मराज ओभा/काठमाडौं**

मुलुकमा संविधानसभा सदस्यको निर्वाचनपछि २०६५ जेठदेखि सिंहदरबारभन्दा बाहिर बस्दै आएको संसद् अधिवेशन १७ वर्षपछि सिंहदरबारमै बस्न लागेको छ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसद् बैठक अब सिंहदरबारस्थित निर्माणाधीन आफ्नै भवनमा बस्न लागेको हो । सोही भवनमा प्रतिनिधिसभाका नवनिर्वाचित २७५ सदस्यको शपथ यही चैत १२ गते दिउँसो २ बजेका लागि तय भएको छ ।

वि.सं. २०६४ चैत २८ गते भएको निर्वाचनबाट ६०१ सदस्यीय संविधानसभा गठन भएपछि पुरानो संसद् (ग्यालरी बैठक) भवन साँघुरो भएकाले संसद्को अधिवेशन नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको थियो । संविधानसभा अघिसम्म भने संसद् बैठक सिंहदरबारस्थित पुरानो संसद् (ग्यालरी बैठक) भवनमा बस्दै आएको थियो । विसं २०१६ देखि प्रारम्भ भएको नेपालको संसदीय इतिहास त्यहीं भवनबाट सुरू भएको थियो ।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा आगलागीबाट बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवन ध्वस्त भएको थियो । राष्ट्रियसभाको बैठक भने यसअघि गत माघ ४ गतेदेखि नै अस्थायी रूपमा सिंहदरबारस्थित कृषि समितिको बैठक कक्षमा बस्दै आएको छ ।

संघीय संसद सचिवालयले संविधानसभा बैठकका लागि २०६५ जेठदेखि भाडा र कर्मचारी परिचालनसहित वार्षिक रू पाँच करोड ६० लाख तिर्ने गरी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग सम्झौता गरेको थियो। समितिका वरिष्ठ कार्यक्रम संयोजक दीपेन्द्रविक्रम सिंहका अनुसार उक्त भाडा प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भई पछिल्लो समय गत असोजसम्म पुग्दा वार्षिक रू १६ करोड ५० लाख पुगेको थियो ।

सचिवालयले संसदीय



गतिविधिका लागि समितिको १५३ रोपनी क्षेत्रफलमा रहेका मुख्य सभा हलसहित आठ विभिन्न हल, विशिष्ट कक्ष, पार्किङ, बगैंचालगायत प्रयोग गर्दै आएको संयोजक सिंहले बताउनुभयो । जेनजी आन्दोलनपछि संसद् सचिवालयले सूचना प्रकाशित गरी गत असोजदेखि एकतर्फी रूपमा उक्त सम्झौता रद्द गरेको छ ।

तत्काल संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको मुख्य हल निर्माण हुन केही समय लाग्ने भएपछि संघीय संसद् सचिवालयले बहुउद्देश्यीय हल तत्कालका लागि प्रयोग गर्ने जनाएको छ। सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले शपथ ग्रहण र प्रारम्भिक बैठकका लागि वैकल्पिक हलको व्यवस्था गरिएको जानकारी दिनुभयो । मुख्य हल तयार हुन केही समय लाग्ने भएपछि तत्कालका लागि वैकल्पिक व्यवस्था गरिएको उहाँको भनाइ छ ।

निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएपछि प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी थालिएको हो। त्यसका लागि प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीलाई बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा शपथ गराउनुहुने कार्यक्रम तय भएको छ ।

त्यसैगरी, ज्येष्ठ सदस्य केसीले यही चैत १२ गते प्रतिनिधिसभाका नवनिर्वाचित सबै सदस्यहरूलाई नयाँ संसद् भवनमा शपथ गराउनुहुने प्रवक्ता गिरिले बताउनुभयो । नेपालको संविधानको धारा, ९३ अनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ।

नयाँ संसद् भवन सिंहदरबारस्थित पुतली बगैंचामा २०७६ असोज १ गते शिलान्यास गरिएको थियो । शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक तथा आयोजना निर्देशक रोशन श्रेष्ठका अनुसार भवनको अधिकांश काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम बाँकी छ ।

विभागका अनुसार संसद् भवनको सिभिल निर्माणतर्फ करिब रू पाँच अर्ब ५० देखि ६० करोड हाराहारी खर्च हुने अनुमान छ भने 'इन्टेरियर' निर्माणका लागि थप रू दुई अर्ब ३४ करोड लागत रहेको छ । करिब १५१ रोपनीभन्दा बढी क्षेत्रफलमा निर्माण भइरहेको नयाँ संसद् भवन तयार भएपछि संघीय संसद्का सम्पूर्ण गतिविधि यही नयाँ संरचनाबाट सञ्चालन

*बाँकी तेश्रो पेजमा*

# जानीजानी वनमा डढेलो लगाउने प्रवृत्ति बढ्दो

**भञ्ज्याङ समाचारदाता/दमौली**

सामुदायिक वनमा मानिसले जानीजानी डढेलो लगाउने प्रवृत्ति बढ्दै गएको छ । सामुदायिक वनमा ९० प्रतिशभन्दा बढी डढेलो मानव सिर्जित हुने गरेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिए । त्यसमध्ये ६४ प्रतिशत डढेलो मानिसले जानाजान लगाउने गरेको रानाभाटले बताए । मानिसले जानीजानी लगाउने डढेलो नियन्त्रण नै अहिलेको प्रमुख चुनौती रहेको उनको भनाइ छ । उनले भने, "सामुदायिक वनमा यत्तिकै आगो लाग्ने सम्भावना निकै कम छ, मानिसले नयाँ घाँस पलाउँछ भनेर डढेलो लगाइदिने गरेका छन्। यसलाई पूर्ण रूपमा रोक्न सकिएको छैन ।"

रानाभाटका अनुसार चरिणका लागि आगो लगाउने प्रवृत्ति ३० प्रतिशत, चुरोट पिउनेबाट १५, शिकारीबाट सात, वनभोज क्याम्पफाइरिङ आउनेहरूबाट सात, बच्चाहरु खेल्दा छ, अवैध काठ कटान गर्नेहरुबाट पाँच, अतिक्रमणकारीबाट पाँच, खोरिया फँडानीबाट पाँच, गोल पोल्नेबाट चार प्रतिशत र बाँकी जडिबुटी संकलकबाट डढेलो लाग्ने गरेको छ ।



आर्थिक वर्ष २०८०/८१ मा ७१ वटा सामुदायिक वनका एक हजार ३२२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको थियो। यस्तै आव २०८१/८२ मा ८४ सामुदायिक वनका ६६२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको रानाभाटले जानकारी दिए । दक्ष जनशक्तिको कमी, आधुनिक उपकरणको अभाव, बजेट कमलगायत कारणले डढेलो नियन्त्रणमा समस्या हुँदै आएको उनले बताए ।

उनले भने, "वनमा डढेलो लगाउनेलाई नियन्त्रणमा लिएर कारबाही गर्न पनि सकेका छैनौँ, लुकिछिपी डढेलो लगाउँदा पहिचान खुलाउनै गाह्रो भइरहेको अवस्था छ ।" उहाँका अनुसार जिल्लाभर ६२५ सामुदायिक वन छन् । सामुदायिक वनका उपभोक्तालाई डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम भइरहेका छन् । डिभिजन वन कार्यालय र

*बाँकी तेश्रो पेजमा*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## कृषि क्षेत्रको प्रवर्द्धन

तीनै तहका सरकारको कृषि क्षेत्रलाई प्रवर्द्धनका लागि निकै लोभलाग्दा नारा पनि छन् । तर ती नारा नारामै मात्र सिमित भएका छन् भन्दा फरक नपर्ने अवस्था छ । तीनै तहलाई एकल र साझा अधिकार प्रदान गरिएको छ । स्थानीय तहको सन्दर्भमा २२ वटा एकल अधिकारमध्ये ३ वटा एकल अधिकार सिँचाइ, कृषि तथा पशु विकाससँग सम्बन्धित छन् । जसलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विस्तृत रूपमा व्याख्या गरेको छ । कृषि र पशु विकास गर्ने, अनुगमन गर्ने, नियन्त्रण र नियमन गर्ने सम्पूर्ण जिम्मेवारी स्थनीय तहको हो । त्यसैले कृषि तथा पशु विकास गर्नको लागि सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय तहको आर्थिक विकासको मेरूदण्ड भनेको कृषि तथा पशु विकासको क्षेत्र नै हो । हाम्रो जस्तो परिवेशमा, कृषि विना स्थानीय तहको आर्थिक उन्नतिको कल्पना गर्न पनि सकिँदैन । हालसम्म पनि हाम्रो विद्यमान खेती प्रणाली अधिकांश परम्परागत र निर्वाहमुखी प्रकारको छ । जसको कारण अधिकांश जनताहरू कृषिमा आधारित भएतापनि खाद्यान्न, तरकारी, मासु, अण्डा, दूध, फलफूल आदिमा आत्मनिर्भर हुन सकेको अवस्था छैन । त्यसै कारण कृषि पेसा विकर्षित हुँदै गइरहेको छ । फलस्वरूप, अधिकांश युवाहरू विदेश पलायन भएका छन् र खेती गर्ने जनशक्ति नहुँदा जग्गा बाँझो हुने क्रम पनि बढ्दै गएको छ ।

जबसम्म कृषि पेसा आकर्षित हुँदैन, तबसम्म युवाहरू कृषिमा संलग्न हुँदैनन् र युवा विदेश पलायन हुने दर पनि रोकिंदैन । स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरूको बहालीपश्चात् कृषि विकाससम्बन्धी केही कार्यहरू भएतापनि आशातीत उपलब्धिहरू हुन सकेका छैनन् । जसको प्रमुख कारण प्रभावकारी ढंगले कृषिसम्बन्धी योजना तर्जुमा नहुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु नै हो । त्यसैले व्यवस्थित तथा प्रभावकारी ढंगले कृषि क्षेत्रको विकास गर्नका लागि पहिलो प्रवेश विन्दु हो । स्थानीय तहको प्रभावकारी कृषिको योजना तर्जुमा गरी अगाडि बढ्नुको विकल्प छैन । योजना त राम्रो गरियो, तर राम्रो कार्यान्वयन हुन सकेन भने केही अर्थ हुँदैन। तसर्थ प्रभावकारी कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हुन्छ । प्रभावकारी कार्यान्वयनका लागि नीति निर्माण तहको संयन्त्र र त्यसलाई कार्यान्वयन गर्ने प्राविधिक कर्मचारीको टिम आवश्यक पर्छ ।

कतिपय स्थानीय सरकारले कृषि क्षेत्रलाई भन्दै बजेटको व्यवस्था गरेपनि त्यो कृषकको पहुँच पुग्न नसकेको गुनासो सुनिने गर्छ । कृषि क्षेत्रको विकासका लागि सही योजना र उत्पादित उपजको बजारीकरणमा ध्यान दिन सकिएन भने उपलब्धी सून्य हुन्छ । स्थानीय सरकारले उपलब्ध गर्ने कृषि क्षेत्रको अनुदान सहज रूपमा कृषकले प्राप्त गर्न सकेनन् भने किसानहरूको जीवनस्तर सुधार मात्र होइन स्थानीय सरकारको अनुभूति पनि जनताले गर्न पाउँदैनन् । स्थानीय तहले कृषिसम्बन्धी कार्य गर्ने थलो वडा नै भएकाले, कृषि योजना गर्दा सर्वप्रथम नीतिगतरूपबाट कुन वडामा कुन बालीलाई प्राथमिकता दिने भन्ने विषयमा निर्क्यौल गर्नुपर्दछ । यति मात्र होइन वडावडामा कृषकले उत्पादन गरेको उपजलाई सहज रूपमा बजारीकरणको पाटोलाई पनि व्यवस्थापन गर्न स्थानीय सरकारको ध्यान पुग्नुपर्छ ।

कृषकले उत्पादन गरेको उपज सहज रूपमा बजारीकरण हुन नसक्दा उत्पादित वस्तु खेरा जाने अवस्था छ। कतिपय पालिकाहरूले कृषि हाटबजार सञ्चालनको शुभारम्भ गरेपनि प्रभावकारी हुन सकेन । कृषक र उपभोक्तालाई सिधा जोड्ने र उत्पादित कृषि उपजको सहज बजारीकरण गरी कृषकको आर्थिक पक्ष सबल बनाउने उद्देश्यका साथ पालिकाले कृषि हाटबजार कार्यक्रम अगाडि ल्याएका पनि छन् । करिब दुई दशक अगाडि दमौलीमा कृषि हाटबजार सञ्चालन हुँदै आएको थियो । तर, बढ्दो बजारीकरण तथा अन्य विविध कारणले दमौलीमा हाटबजार लाग्न छाडेपछि कृषकहरू उपभोक्तासंग सिधा जोडिन सकेका छैनन् । हाटबजार सञ्चालन नहुँदा आफुले उत्पादन गरेको उपजलाई सहज रूपमा बिक्री वितरण गर्ने माध्यम टुटाएका कृषकलाई नगरपालिकाले पुनः त्यो सम्बन्ध जोड्ने प्रयास गरेपनि प्रभावकारी देखिएको छैन ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २१२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np
ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# भगत सिंहलाई बा-आमाको अद्‌भुत प्रेरणा

सुरेशकुमार पाण्डे

भनिन्छ, कुनै पनि काम सफल हुनुमा आमाको ठूलो हात हुन्छ। त्यस्तै प्रकारले, २८ सेप्टेम्बर सन् १९०७ मा भारतको पञ्जाब राज्यको लायलपुर (हाल पाकिस्तानमा) एक जाट सिख परिवारमा माता विद्यावती कौर र पिता सरदार किशन सिंहका छोराको रूपमा भगत सिंह जन्मिएका थिए। भगत सिंह अमर शहीद बनेका छन् र आज प्रत्येक भारतीयको हृदयमा स्थान बनाउन सफल भएका छन्। जुनसुकै देशका सपुत भए पनि उनीहरु क्रान्तिका वीर हुन्छन्।

बलिदान देश र जनताका लागि दिनेहरूको चालचलन भिन्न हुन्छ। बलिदान र क्रान्तिको परिभाषा नबुझेका स्वार्थीहरु अरूलाई मारेर आफू सत्तामा पुग्न खोज्छन्। अहिले पनि त्यस्तै प्रकारका सत्ता–लोभीहरु देखिन्छन्, जसले अरूको हत्या गरेर सदनमा पुग्छन्। तर कुनै समय यस्ता व्यक्तिहरु पनि थिए, जो निस्वार्थ रूपमा आ˘नो प्राण देशका लागि अर्पण गर्न आतुर हुन्थे। तिनैमध्ये भारतका अमर शहीदहरु भगत सिंह, राजगुरू र सुखदेव जस्ता क्रान्तिकारी हुन्, जसले करिब ९७ वर्षअघि देशलाई अंग्रेजी हुकुमतबाट आजाद गराउन र जनतालाई सचेत बनाउन ब्रिटिश सरकारको असेम्बलीमा बम फालेका थिए।





भारतमा करिब एक शताब्दीसम्म बलिदानीपूर्ण आन्दोलन चलेको थियो। कयौं देशभक्त र क्रान्तिकारीहरूले ज्यान गुमाएका छन्। चन्द्रशेखर आजाद, सुभाष चन्द्र बोस लगायतका धेरै क्रान्तिकारीहरूको संघर्षमय कथा इतिहासका पानाहरूमा अंकित छन्। लामो समयसम्म अंग्रेजहरूले भारतलाई आफ्नो गुलाम बनाएर शासन गरे। उनीहरूले विभिन्न ठाउँका राजा–रजौटाहरूलाई आपसमा लडाएर शासन चलाएका थिए।

मंगल पाण्डेदेखि रानी लक्ष्मीबाई सम्मले विद्रोह गरेका थिए । कसैले उनीहरूको अत्याचारविरूद्ध, कसैले जनताबाट उठाइएको कर (लगान) विरूद्ध संघर्ष गरेका थिए। त्यति मात्र होइन, भारतीय स्वतन्त्रता आन्दोलनमा हजारौं नेपालीहरूले पनि भाग लिएका र ज्यान गुमाएको इतिहास छ। समय–समयमा संयुक्त संघर्ष हुँदै आएका छन्, जसको लामो इतिहास छ।

अहिलेको यो लेख मार्च २३ को स्मरणमा लेखिएको हो। त्यसै सन्दर्भमा उक्त बलिदानबारे छोटकरीमा प्रकाश पारिन्छ।

भारतमा विभिन्न कोणबाट विभिन्न व्यक्तिहरूको नेतृत्वमा स्वाभिमानी आन्दोलन चलिरहेको थियो। त्यही क्रममा २३ अक्टोबर सन् १९२८ मा लाला लाजपत राय सँगको एउटा जुलुसमा भगत सिंह र अन्य युवाहरु पनि सहभागी भएका थिए। पुलिस सुपरिन्टेन्डेन्ट स्कटले डीएसपी सान्डर्सलाई प्रदर्शनकारीहरूलाई रोक्न आदेश दिए। तर सान्डर्सले निहत्था प्रदर्शनकारीमाथि अन्धाधुन्ध लाठीचार्ज गराए। उक्त लाठीचार्जका क्रममा जुलुसको नेतृत्व गरिरहेका लाला लाजपत राय गम्भीर घाइते भए र त्यसै चोटका कारण १७ नोभेम्बर १९२८ मा उनको मृत्यु भयो।

त्यसपछि क्रान्तिकारीहरूले "खूनको बदला खून" भन्ने नारा दिए। भगत सिंह, राजगुरू, सुखदेव र चन्द्रशेखर आजाद ले स्कटको हत्या गर्ने योजना बनाए। उनीहरूले स्कटलाई लक्षित गरी गोली चलाए, तर सान्डर्स अगाडि आउँदा उसैलाई गोली लाग्यो। चारै जना त्यहाँबाट भाग्न सफल भए। देशभर भगत सिंह र उनका साथीहरूको साहसिक कार्यको प्रशंसा भयो। त्यसपछि उनीहरु भूमिगत भएर आफ्नो अभियानमा जुटे।

सन् १९२९ को अप्रिलमा अंग्रेजहरूले आफ्नो असेम्बलीमा दमनकारी विधेयक पारित गर्न खोजिरहेका थिए। भगत सिंहले बटुकेश्वर दत्तसँग मिलेर असेम्बलीमा बम प्रहार गरे। उनीहरूको उद्देश्य अंग्रेज सरकारलाई चेतावनी दिनु थियो। बम विस्फोटपछि उनीहरूले पूर्व तयारीअनुसार आफैं गिरफ्तारी दिए। उनीहरूमाथि मुद्दा चलाइयो र सुखदेव, राजगुरू लगायतलाई पनि अभियुक्त बनाइयो।

२३ मार्च सन् १९३१ को साँझ ७ बजेर ३३ मिनेटमा भगत सिंह, राजगुरू र सुखदेवलाई लाहोर सेन्ट्रल जेलमा फाँसी दिइयो। फाँसी अघि चत्तर सिंह नामक व्यक्तिले गुरूबाणी पाठ गर्न सुझाव दिएका थिए, तर भगत सिंहले अन्तिम समयमा आफू कायर ठानिने डरले त्यसलाई अस्वीकार गरेका थिए।

इतिहास साक्षी छ– यी तीन क्रान्तिकारीहरु फाँसीको मञ्चसम्म पुग्दा पनि हत्कडी लगाइएको थिएन। उनीहरु एकअर्काको हात समात्दै "इन्कलाब जिन्दावाद"को नारा लगाउँदै फाँसीको तख्तासम्म पुगेका थिए र आफैंले फन्दा घाँटीमा हालेका थिए।

मृत्युदण्डअघि केही समय पहिला भगत सिंहका बा–आमा उनलाई भेट्न आएका थिए। उनकी आमाले भनेकी थिइन्– "छोरा, आफ्नो अडान कहिल्यै नछोड्नु। एक दिन सबैले मर्नु नै छ, तर तिमी यस्तो मृत्यु मर्नु, जसलाई संसारले सधैं सम्झियोस् र गर्व गरोस्। मेरो यही इच्छा छ– मेरो छोरा फाँसीको तख्तामा उभिएर 'इन्कलाब जिन्दावाद' को नारा लगाओस् ।"

यस्तो अद्‌भुत प्रेरणा सायद अरु कुनै आमामा विरलै पाइन्छ। यही प्रेरणाले भगत सिंहलाई असाधारण साहस दिएको थियो। उनी खुलेआम फाँसीको तख्तामा पुगे, "इन्कलाब जिन्दावाद" को नारा लगाए र आफैंले फन्दा घाँटीमा हालेर संसारलाई विदा गरे। यद्यपि उनीहरु शारीरिक रूपमा आज छैनन्, तर अमर शहीदका रूपमा सधैं जीवित रहनेछन्। त्यसको करिब १६ वर्षपछि, सन् १९४७ मा अंग्रेजहरूले भारत छाड्न बाध्य भए। स्वतन्त्रताको यस संघर्षबाट हामीले धेरै प्रेरणा लिन सक्छौं।

# दुग्ध उत्पादक किसानले ५५ करोड भूक्तानी पाएनन्

रासस/चितवन

जिल्लाका दुग्ध उत्पादक किसानले दुध बिक्री गरे बापत रू ५५ करोड भूक्तानी पाउन सकेका छैनन् । उनीहरूले बिगत ६ महिनादेखिको भूक्तानी पाउन सकेका छैनन् । जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर वगालेका अनुसार गत कात्तिकदेखिको दुधको भूक्तानी नपाउँदा किसान समस्यामा छन् । बजारको समस्या नभए पनि दुग्ध विकास संस्थानसहित ठूला दूध उद्योगले रकम भूक्तानी नगर्दा दुग्ध उत्पादक किसान समस्यामा परेका हुन् ।

उहाँले भन्नुभयो "संस्थानको ६ महिनादेखि र अन्य उद्योगको तीन महिनादेखिको भूक्तानी बाँकी छ ।" साना उद्योगले नियमित भूक्तानी गर्ने गरेको भए पनि ठूला उद्योगको भूक्तानी बाँकी रहेको अध्यक्ष वगालेले जानकारी दिनुभयो ।

जिल्लामा अहिले दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । जसमध्ये ५० प्रतिशतभन्दा बढी दूध बिक्री गर्न जिल्ला बाहिर लैजाने गरिन्छ । यहाँका ११५ दुग्ध उत्पादक सहकारी सङ्घले दैनिक दूध सङ्कलन गरेर ठूला उद्योगलाई बिक्री वितरण गर्ने गरेका छन् । ती सहकारीले समयमा भूक्तानी नपाउँदा किसानलाई भूक्तानी गर्न कठिन भएको उहाँले जानकारी दिनुभयो। जिल्लामा ४० हजार किसानले दूग्ध उत्पादन गर्दै आएका छन् ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## तपाईको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| साहस र उत्साह बढ्नेछ। रोकिएका काममा प्रगति हुनेछ। आर्थिक लाभका स्रोत फेला पर्न सक्छन्। | नयाँ योजना सुरू गर्न अनुकूल समय छैन। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्। | बौद्धिक क्षेत्रमा प्रगति हुनेछ। अध्ययन-अध्यापनमा राम्रो उपलब्धि मिल्नेछ। छोटो यात्रा फलदायी बन्नेछ। | निर्णय लिन कठिनाइ हुन सक्छ। खर्च बढ्ने सम्भावना छ। नजिकका व्यक्तिबाट सहयोग प्राप्त हुनेछ। | कार्य क्षेत्रमा जिम्मेवारी बढ्नेछ। मिहिनेतले फलीफाप दिनेछ। नयाँ अवसर प्राप्त हुने सम्भावना छ। | कर्मठताले सफलता दिलाउनेछ। सामाजिक क्षेत्रमा प्रशंसा बढ्नेछ। आर्थिक पक्ष मजबुत हुनेछ। |

| तुला | वृश्चिक | धनु | मकर | कुम्भ | मीन |
|---|---|---|---|---|---|
| मनमा प्रसन्नता रहनेछ। दाम्पत्य जीवनमा मिठास बढ्नेछ। पारिवारिक सहयोगले काममा सहजता आउनेछ। | गोप्य योजना सार्वजनिक हुन सक्छ, सतर्क रहनुहोस्। वैचारिक मतभेदका कारण असहजता आउन सक्छ। | प्रेम सम्बन्धमा प्रगाढता आउनेछ। आर्थिक लाभ हुनेछ। शुभचिन्तक र साथीहरूको साथ पाउने दिन। | काममा ढिलाइ भए पनि नतिजा सकारात्मक आउनेछ। कार्यस्थलमा मान-सम्मान बढ्नेछ। | नयाँ सोच र योजनाले लाभ दिलाउनेछ। अध्ययन, अनुसन्धान वा यात्रामा सफलता मिल्नेछ। | खर्च बढ्ने सम्भावना छ। आत्मसंयम राख्नुहोस्। बिनियोजित कार्यमा ढिलाइ भए पनि अन्ततः सफलता मिल्नेछ। |

# जानीजानी वनमा डढेलो ..........

आठ वटा सवडिभिजन कार्यालयमार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार वन डढेलोले कम्तिमा दश प्रतिशत तापक्रम बढाउने गर्दछ ।

डढेलोबाट भुइँमा झरेका रूखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रूखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने, वनमा लागेको आगो नजिकको गाउँघरमा सरी जनधनको क्षति हुनेलगायत जोखिम रहेका वन अधिकृत श्रेष्ठले बताए । गर्मी मौसममा बिडी, चुरोट खाएर जथाभावी फाल्नाले, वन्यजन्तु भगाउन तथा नयाँ घाँस उमार्नका लागि आगो लगाउनाले डढेलो झन बढ्दै गएको उहाँको भनाइ छ ।

**वन डढेलो नियन्त्रणका लागि तनहुँमा र्‍यापिड रेस्पोन्स टिम गठन**

वन डढेलो नियन्त्रणलाई प्रभावकारी र द्रुत बनाउन तनहुँमा बहुपक्षीय सहभागितासहित र्‍यापिड रेस्पोन्स टिम (द्रुत प्रतिकार्य टोली) गठन गरिएको छ । डिभिजन वन कार्यालय तनहुँको पहलमा वन, प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधिसहित उक्त टोली गठन गरिएको हो ।

वन अधिकृत श्रेष्ठको संयोजकत्वमा गठित समितिको सदस्यहरूमा जिल्ला प्रशासन कार्यालयका कर्मचारी गोपाल पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिव पाठक, सशस्त्र प्रहरी बलका निरीक्षक रामशरण विष्ट, अनुसन्धान अधिकृत रेवन पोखरेल, कालीभञ्जन गण (इ) का सहसेनानी पोखरेन्द्र राना तथा सामुदायिक वन उपभोक्ता महासंघ तनहुँका अध्यक्ष विष्णुकुमार श्रेष्ठ रहेका छन् ।

टोली गठनसँगै वन डढेलो लाग्ने बित्तिकै तत्कालै घटनास्थलमा पुगेर नियन्त्रण, उद्धार तथा समन्वय कार्यलाई तीव्र बनाउने लक्ष्य राखिएको छ । विशेषगरी सुख्खा मौसममा डढेलोको जोखिम बढ्दै जाने भएकाले पूर्वतयारी स्वरूप यस्तो टोली गठन गरिएको संयोजक श्रेष्ठले बताए ।

श्रेष्ठले वन डढेलो नियन्त्रणमा ढिलाइ हुँदा ठूलो क्षति हुने भएकाले तत्काल प्रतिक्रिया दिने संयन्त्र आवश्यक भएको बताए । उनले भने, "डढेलो नियन्त्रणमा समय सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसैले विभिन्न निकायबीच समन्वय गरी छिटो परिचालन हुने गरी रेस्पोन्स टिम गठन गरिएको हो ।" उनले स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह तथा सर्वसाधारणसँग सहकार्य गरेर सचेतना अभिवृद्धि, निगरानी तथा पूर्वतयारीका कार्यक्रमलाई पनि सँगसँगै अघि बढाइने जानकारी दिए । उनले भने, "मानवीय लापरबाहीका कारण धेरैजसो डढेलो लाग्ने भएकाले जनचेतना अत्यन्त आवश्यक छ ।"

सम्बन्धित निकायहरूको संयुक्त प्रयासबाट वन डढेलो न्यूनीकरणमा प्रभावकारी उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ । साथै, टोलीले जोखिमयुक्त क्षेत्रको पहिचान, नियमित निगरानी तथा आकस्मिक अवस्थामा तत्काल परिचालन भई क्षति न्यूनीकरण गर्ने लक्ष्य राखिएको डिभिजन वन कार्यालयका प्रमुख रानाभाटले जानकारी दिए ।

# संविधानसभापछि ......

हुनेछन् । यसमा प्रतिनिधिसभा र राष्ट्रियसभाका भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् । संसद् भवनभित्र मुख्य भवन आठ छन् । भवनभित्र ३५० सिट क्षमताको संयुक्त 'लबी' हुनेछ भने सानाठूला गरी १० संसदीय दलका कार्यालय हुनेछन्। साथै चार अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् 'लाइब्रेरी'लगायत संरचना निर्माण गरिएका छन् । रासस


## भिमाद नगरपालिका
## भिमाद प्राथमिक स्वास्थ्य केन्द्र

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

### विद्युतीय सिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धी सूचना

**Date of Publication: 25th March, 2026 A.D (2082/12/11 B.S)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट हुने तपसिल अनुसारको ल्याव केमिकल खरिद कार्यका लागि योग्य व्यवसायी/सप्लार्यसहरूबाट रितपूर्वकको **१५ दिने** पुनः **विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हान** सम्बन्धी सूचना प्रकाशन गरिएको छ । सो को विस्तृत विवरण PPMO को website: www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ ।

| S. N | Contract Identification no. | Name of Project | Bid security amount (NRS) | Bid document fee (NRS) |
|---|---|---|---|---|
| 1 | PHCB/G/SQ/ 02/082/083/Re | Supply of Lab Chemical for AFS2000A | 47000 | 1000 |
| 2 | PHCB/G/SQ/ 03/082/083/Re | Supply of Routine Lab Chemical | 44000 | 1000 |
| 3 | PHCB/G/SQ/ 04/082/083/Re | Supply of Lab Chemical of HTI Micro cc-20 plus automated hematology analyzer | 12000 | 1000 |

कार्यालय प्रमुख

## बन्दीपुर गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
## बन्दीपुर अस्पताल

बन्दीपुर-४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

### हार्दिक अपिल

**सूचना प्रकाशित मितिः २०८२।१२।१०**

बि.सं. २०२२ सालमा स्थापित तत्कालिन जिल्ला अस्पताल बि.सं. २०७३ सालदेखि बन्दीपुर गाउँपालिका अन्तर्गत रही १५ शैयाको अस्पतालको रूपमा संचालित यस बन्दीपुर अस्पतालमा मिति २०८२/०१/०१ गतेदेखि कर्मचारी वर्ग, विद्यार्थी वर्ग, ज्याला/मजदुरी वर्ग, ब्यापारब्यबसायी वर्ग एवं गृहिणीहरू लक्षित बिस्तारित सेवा समय सहितको स्वास्थ्य सेवा प्रबाह अनुसार "हरेक दिन (सार्वजनिक बिदा र शनिबारका दिन समेत) बिहान ७:०० बजेदेखि बेलुकी ८:०० बजेसम्म (कार्तिक १६ देखि माघ १५ सम्म बेलुकी ७:०० बजेसम्म) निःशुल्क ओ.पि.डी. सेवा" संचालन भईआएको र हाल यस अस्पतालमा २४सै घण्टा आकस्मिक/ईमरजेन्सी सेवा, २४सै घण्टा प्रसुती/डेलिभरी सेवा, २४सै घण्टा फार्मेसी सेवा, २४सै घण्टा ल्याब/प्रयोगशाला सेवा, २४सै घण्टा एक्स-रे सेवा, बिरामी भर्ना सेवा, हरेक दिन आँखा र दाँतको उपचार सेवा, सोमबार तथा बिहिबार भिडियोएक्सरे सेवा लगायत नेपाल सरकारद्वारा संचालित बिभिन्न स्वास्थ्य सेवाहरू संचालित भईरहेका छन् । दैनिक १००-१५० जना सेवाग्राहीहरूद्वारा सेवा लिनुहुने यस अस्पतालमा थप सेवा बिस्तार एवं सेवाको गुणस्तरीयता वृद्धिका लागि तपशिल बमोजिमका स्वास्थ्य औजार/उपकरणहरू आवश्यक रहेको हुँदा यस बन्दीपुर अस्पतालका हितैसी शुभचिन्तक शुभेक्षुक सहयोगी दाता/संघ/संस्थाहरूलाई आवश्यक स्वास्थ्य औजार उपकरणहरू उपलब्ध गरी सहयोग गरिदिनुहुन सविनय हार्दिक अनुरोध छ ।

**तपशिलः**

१) क्लीया मेसिन (थाईराईड, भिटामिन डी, भिटामिन बि-१२, सि.ए. १२५, पि.एस.ए. लगायतका परिक्षणका लागि),
२) फुल्ली अटोमेटिक बायोकेमेस्ट्री मेसिन (गुणस्तरीय सेवा प्रदानका लागि),
३) पि.टि.आई.एन.आर. मेसिन (रोग निदान तथा उपचार प्रक्रियामा अति आवश्यक रहेकाले),
४) CBC 5 parts Analyzer (सि.बि.सि. ५ पार्ट एनालईजर),
५) AED (Automatic External Defibrillator), ६) 12 lead ECG,
७) Oxygen Concentrator, ८) X-ray CR Konica printer,
९) Front-loaded 10KG and 15KG Commercial Washing Machine,
१०) Freeze of around 810L or around, ११) अन्य विविध ।

**नोटः**

१) कुनै स्वास्थ्य औजार उपकरणहरू उपलब्ध गर्न कोही सहयोगी दाता/संघ/संस्थाबाट सकारात्मक हुनुभएमा निजहरूलाई नै सम्बोधन गरी अनुरोध पत्राचार गरिनेछ ।
२) कुनै एकै सामाग्री एक भन्दा बढी सहयोगी दाता/संघ/संस्थाले दिन ईच्छुक हुनुभएमा प्रथम पटक छलफल भएकाहरूलाई प्राथमिकता दिईनेछ ।
३) कुनै सामाग्रीहरू कोही सहयोगी दाता/संघ/संस्थाहरूद्वारा उपलब्ध हुने भएमा अन्य दाताहरूलाई अन्य सहयोगको लागि अनुरोध गरिनेछ ।
४) शर्त सहितका सामाग्रीहरू अस्पतालद्वारा स्वीकार हुने छैनन् ।

**मेडिकल सुपरिटेन्डेन्ट (९८५६०६३३३१)**






## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

चैत्र १४ गते शनिबार



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरुः**

**१. छाला सम्बन्धी रोगहरुः**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

**२. यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):**
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

**३. कुष्ठ (Leprosy) रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

**४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):**
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।


## डिभिजन वन कार्यालय तनहुँको अनुरोध

- वन र वन्यजन्तुहरू हाम्रा अमूल्य सम्पत्ती हुन, यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।
- वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको चोरीकटानी र ओसारपसार, वन क्षेत्रमा अतिक्रमण जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । यस्ता कार्यहरू गरे गराएमा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार वन सम्बन्धी कसुर/अपराध गरेको मानिन्छ। वन तथा वन्यजन्तु सम्बन्धी कसुर/अपराधहरू फौजदारी अभियोग हो ।

**तसर्थ,**

- कुनै पनि वन्यजन्तु मार्ने, शिकार गर्ने, वन्यजन्तुको अङ्ग ओसारपसार गर्ने, बिना इजाजत काठ, दाउरा, जडीबुटी लगायतका अन्य वन पैदावारहरू समेतको संकलन र ओसार पसार गर्ने तथा वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने जस्ता कार्यहरू नगरौ नगराऔं ।
- वन तथा वन्यजन्तुको संरक्षणमा सहभागी बनी असल नागरिकको भूमिका निर्वाह गरौं
- वन सम्बन्धी अपराध हुन लागेको, भईरहेको थाह पाएमा/देखेमा नजिकको डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयहरू तथा प्रहरी कार्यालयहरूमा खबर गरौ ।

**डिभिजन वन कार्यालय**
दमौली, तनहुँ । फोन : ०६५-५६३१३५

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# पिप्ले आधारभूत स्वास्थ्य सेवा केन्द्रमा नि:शुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा सञ्चालन

भञ्ज्याङ समाचारदाता/डुम्रे

बन्दीपुर गाउँपालिकाअन्तर्गत सञ्चालित बन्दीपुर अस्पतालले वडा नं. १ को डुम्रेस्थित पिप्ले आधारभूत स्वास्थ्य सेवा केन्द्रमा मंगलबार नि:शुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा सञ्चालन गरेको छ। उक्त शिविरमा ३० जना महिला र २ जना पुरूष गरी ३२ जनाले स्वास्थ्य सेवा लिएका छन् ।

अस्पतालले चैत महिनाभर विभिन्न सरकारी स्वास्थ्य संस्थामा नि:शुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत पिप्लेमा उक्त कार्यक्रम सञ्चालन गरेको हो ।

सेवाग्राहीलाई सहजता प्रदान गर्न ती स्वास्थ्य संस्थादेखि बन्दीपुर अस्पतालसम्म दुईतर्फी नि:शुल्क यातायात सेवा समेत उपलब्ध गराउँने भएको छ ।

अस्पतालले वार्षिक स्वीकृत नियमित कार्यक्रमअन्तर्गत चैत महिनाका लागि तय गरिएको तालिकाअनुसार गाउँपालिकाभित्रका विभिन्न स्वास्थ्य संस्थामा चिकित्सकसहितको टोली खटाई स्वास्थ्य सेवा विस्तार सुरू गरिएको अस्पतालका प्रमुख अनिल गिरीले बताए । यस कार्यक्रममार्फत स्थानीय नागरिकलाई नजिकैबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने तथा आवश्यक परे थप उपचारका लागि अस्पतालसम्म सहज पहुँच सुनिश्चित गर्ने उद्देश्य रहेको उनले बताए ।

चैत महिनाको कार्यतालिका अनुसार पिप्ले आधारभूत स्वास्थ्य सेवा केन्द्र (वडा नं. १) मा चैत १० गते, कलचोक आधारभूत स्वास्थ्य सेवा केन्द्र (वडा नं. ५) मा चैत ११ गते, कुसुण्डी आधारभूत स्वास्थ्य सेवा केन्द्र (वडा नं. २) मा चैत १७ गते र सुखौरा आधारभूत स्वास्थ्य सेवा केन्द्र (वडा नं. ३) मा चैत १८ गते स्वास्थ्य सेवा सञ्चालन गरिनेछ। त्यस्तै, धरमपानी स्वास्थ्य चौकी (वडा नं. ६) मा चैत २४ गते र साराङघाट शहरी स्वास्थ्य सेवा केन्द्र (वडा नं. ६) मा चैत २५ गते सेवा प्रदान गरिने अस्पतालले जनाएको छ ।

यस्तै, प्रत्येक सेवा सञ्चालनपश्चात सम्बन्धित स्वास्थ्य संस्थाबाट बन्दीपुर अस्पतालसम्म दुईतर्फी नि:शुल्क यातायात सेवा पनि व्यवस्थापन गरिएको अस्पतालले जनाएको छ ।




चैत १३, २० र २७ गते शुक्रबारका दिन उक्त यातायात सेवा सञ्चालन हुने तालिका रहेको छ। यसले विशेषगरी टाढाका बस्तीका नागरिकलाई थप उपचारका लागि अस्पताल पुग्न सहज बनाउने अपेक्षा गरिएको छ ।

अस्पताल प्रशासनले कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित सबै स्वास्थ्य संस्थालाई आवश्यक समन्वय गर्न आग्रह गरेको छ। साथै, स्थानीय नागरिकलाई समयमै जानकारी दिई सेवा उपयोग गर्न सहयोग पुऱ्याउन पनि अनुरोध गरिएको छ।

कार्यक्रम सञ्चालनका क्रममा प्राप्त सुझावका आधारमा थप सुधार गर्दै सेवामुखी तथा प्रभावकारी बनाइने अस्पतालका प्रमुख डा गिरीले बताए । यस्तो पहलले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याउने उनले विश्वास व्यक्त गरे ।

# पाँचौं शुक्लागण्डकी महोत्सवमा आज अर्जुन, प्रिती र रामजीको प्रस्तुति

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

तनहुँको शुक्लागण्डकी नगरपालिका मा जारी पाँचौँ शुक्लागण्डकी महोत्सवअन्तर्गत बुधबार चर्चित कलाकारहरूको प्रस्तुति रहने भएको छ। शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ को आयोजनामा सञ्चालन भइरहेको महोत्सवमा दर्शकलाई मनोरञ्जन दिन लोकप्रिय कलाकारहरु मञ्चमा उत्रने भएका हुन्। बेलचौतारास्थित भानुभक्त बहुमुखी क्याम्पसको खुला चौरमा आयोजित महोत्सवमा बुधबार अर्जुन सापकोटा, प्रिति आले, राम्जी पौडेल र सुनिता नेपाली लगायतका कलाकारहरूको प्रस्तुति रहने कलाकार व्यवस्थापन उपसमिति संयोजक प्रेमबहादुर श्रेष्ठले जानकारी दिए।

यसअघि मंगलबारको कार्यक्रममा बद्री पंगेनी, नविना सिलवाल (खुईली), सिमा थापा र मधु थापा लगायतका कलाकारहरूले दर्शकलाई भरपुर मनोरञ्जन दिएका थिए।



"आर्थिक, सामाजिक तथा खेलकुदको विकास, कृषि तथा पर्यटनको प्रवर्द्धन, शुक्लागण्डकी महोत्सव–कला, सीप र संस्कृतिको संरक्षण" भन्ने मूल नाराका साथ सञ्चालन भइरहेको महोत्सव चैत १७ गतेसम्म जारी रहनेछ। महोत्सवमा राष्ट्रिय तथा स्थानीय ख्यातिप्राप्त कलाकारहरूको प्रस्तुति, लाइभ कन्सर्ट, बाल उद्यान, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको पदयात्रा लगायतका कार्यक्रम समावेश गरिएको मूल संयोजक समुद्रराम श्रेष्ठले बताए।

त्यस्तै, पालिकास्तरीय भलिबल प्रतियोगिता, रत्यौली प्रतियोगिता, कौरा नृत्य तथा विद्यालयस्तरीय नृत्य प्रतियोगिता पनि महोत्सवका आकर्षणका रूपमा रहेका छन्। प्रवक्ता सुजन श्रेष्ठका अनुसार यसपटक टिकटक तथा रिल्स प्रतियोगिता समेत समावेश गरिएको छ।


## स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाईमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वास्थ नागरिक, समुन्नत राष्ट्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**DilNishani Magar**
facebook.com/dilnisani.magar

ठमेल तिर होटलको कोठा मिलाई दिनेहरूले कमिशन खाँदा रहेछन्। गंगबु बसपार्क तिर बसको यात्रु खोज्ने भाईहरूले पनि कमिशनको पैसा पाउँदा रहेछन्। विदेशमा पनि काम खोजिदिए वापत कमिशन माग्ने दलालहरू छन्। आफ्नै मामाको छोरालाई काम खोजिदिएको पनि पैसा लिन्छन्। नेपालमा हुने भ्रष्टाचार खासमा यस्तै कमिशन प्रवृत्तिको हो। सरकारले विकासका लागि पैसा निकासा गर्छ, तर कमिशन खान नपाए कसैले काम गर्दैन। एक त कर्मचारीले गर्दैन, दोस्रो ठेकेदारले गर्दैन। नेताको मनमा आफ्नो क्षेत्रको बजेट फ्रिज होस् भन्ने कहिल्यै हुँदैन। तर कर्मचारी र ठेकेदारले कमिशन बिना कहिल्यै काम गर्दैनन्। हामीहरूले सानो हुँदा ५–१० रूपैयाँ नपाएसम्म बा–आमाले लगाएको काम गर्दैन थियौं। देशमा पनि दुई चार करोड नपाएसम्म काम नगर्ने कर्मचारीहरू छन्। हामी नेपाली जनताको दिमागमा पनि धेरै कुराको कमिशन नाचिरहेको हुन्छ। अब त घाटमा मलामी गएको पनि कमिशन खोज्न थालिएको छ। सुशासनका लागि खुलेको रास्वपाले पनि आफ्नो उम्मेदवारहरूबाट पैसा उठाएको थियो भन्ने समाचार सुनिन्थ्यो। गुन्डालाई कमिशन दिएर मान्छे मार्न लगाए जस्तै नेताहरूलाई कमिशन दिएर देश मार्न लगाउनेहरु घर–घरमा छन्, चोक–चोकमा छन्, गल्ली–गल्लीमा छन्। कोही चोखो चोर बन्नु पर्दैन ।

# सचेतनामुलक कार्यक्रम गरी विश्व क्षयरोग दिवस मनाइयो

भञ्ज्याङ समाचारदाता/तनहुँ

हामी क्षयरोग अन्त्य गर्छौं राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने नाराका साथ मंगलबार विश्व क्षयरोग दिवस मनाइँदैछ । क्षयरोग नियन्त्रणका लागि सचेतना फैलाउने उद्देश्यका साथ हरेक वर्षको मार्च २४ तारिखमा यो दिवस मनाउने गरिन्छ । सन् २०३५ सम्म देशमा क्षयरोग अन्त्य गर्ने तथा सन् २०५० सम्म देशलाई क्षयरोगमुक्त बनाउने लक्ष्यका साथ विभिन्न कार्यक्रम गरी दिवसलाई भव्यताका साथ मनाउन लागिएको हो । यस वर्षका लागि तय भएको नाराले राष्ट्रिय अभियान, साझा जिम्मेवारी र जनसहभागिताको महत्वलाई उजागर गर्न खोजिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

नेपालको प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहेको क्षयरोगको पहिचान गरी निदान गर्ने र जनचेतना फैलाउने लक्ष्यका साथ यस दिवसलाई भव्यताका साथ मनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अनुरोधमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई आग्रह गरेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२४ मा नेपालमा ६७ हजार नयाँ क्षयरोगका बिरामी फेला परेका छन् । देशभरका ६ हजार २४१ स्वास्थ्य संस्थामा क्षयरोगको उपचार हुन्छ भने ७८५ संस्थामा तोकिएको माइक्रोस्कोपी सेवा र १४२ संस्थामा द्रुत परीक्षण सेवा नि:शुल्क उपलब्ध छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार औषधि प्रतिरोधी उपचारका लागि ३१ वटा केन्द्र र ९८ वटा उपकेन्द्र सञ्चालनमा छन् । त्यस्तै, १४९ स्थानीय तहमा क्षयरोगमुक्त नेपाल अभियान विस्तार गरी सक्रिय बनाइएको छ । क्षयरोग प्राचीन कालदेखि मानव समुदायमा विभिन्न रोग र संक्रमणका रूपमा लिने गरिएको थियो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार हरेक बर्ष संसारभर ८० लाख नयाँ क्षयरोगी थपिन्छन् ।

तीन हप्ता वा बढी समयदेखि लगातार खोकी लागेमा, खकारमा रगत देखिएमा, श्वास फेर्न गाह्रो वा छाती भारी भइरहेमा, अकस्मात धेरै तौल घटेमा, बढी पसिना आउने र थकान बढी महसुस भएमा नजिकैको स्वास्थ्यचौकी गएर परिक्षण गराउनुपर्नेमा मन्त्रालयले जोड दिएको छ। शारीरिक अवस्था कमजोर भई रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसमा यो रोगको संक्रमण सहजै हुन सक्दछ।

जानकारहरूका अनुसार कमजोर रोगप्रतिरोध क्षमता भएका तथा धुमपान, मध्यपान वा लागुऔषध सेवन गर्नेमा यो रोगको सत्रमण हुन सक्छ । त्यस्तै, क्षयरोगको औषधिको मात्रा पूर्ण सेवन नगरेमा पनि सङ्क्रमण पुनः देखिन सक्छ । औषधिको नियमित सेवनले क्षयरोग निको हुन्छ । यो रोग लाग्नुभन्दा लाग्न नदिन विशेष सचेतना अपनाउनुपर्छ । उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गरी क्षयरोग नियन्त्रणसम्बन्धी जनचेतना अभिवृद्धि, अन्तरक्रिया तथा जनचेतनामूलक कार्यक्रम आयोजना गरी भव्यताका साथ दिवस मनाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्थानीय तहलाई आग्रह गरेको छ । रासस

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५–५६३९०७, ९८०६६१३३४०
मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४